This Booklet contains 20 printed pages. **AK14II** **Test Booklet No.**

इस पुस्तिका में 20 मुद्रित पृष्ठ हैं। **परीक्षा पुस्तिका संख्या**

13

# PAPER—II / प्रश्न-पत्र—II

## NEPALI LANGUAGE SUPPLEMENT / नेपाली भाषा परिशिष्ट

## PART—IV & V / भाग—IV & V

**Test Booklet Code**
**परीक्षा पुस्तिका संकेत**

**N**

Do not open this Test Booklet until you are asked to do so.
इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।
Read carefully the Instructions on the Back Cover (Pages 19 & 20) of this Test Booklet.
इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20) पर दिए गए निर्देशों को ध्यान से पढ़ें।
**For Instructions in Nepali see Page 2 of this Booklet.**
**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें।**

### *Instructions for Candidates :*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part—IV (Language—I) **OR** Part—V (Language—II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part—I, and Part—II OR III from the Main Test Booklet and Parts—IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part—IV and Part—V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue/Black Ballpoint Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **N**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **Two** Parts—IV and V, consisting of **60** Objective-type Questions and each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. Nos. 91-120)
   Part-V : Language-II (Nepali) (Q. Nos. 121-150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali Language have been given. **In case the language(s) you have opted for as Language-I and/or Language-II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that Language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

### *परीक्षार्थियों के लिए निर्देश :*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है उन परीक्षार्थियों के लिए जो या तो भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) का उत्तर नेपाली भाषा में देना चाहते हैं, लेकिन दोनों नहीं।
2. परीक्षार्थी भाग—I, एवं भाग—II या III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग—IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग—IV व भाग—V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर-पत्र पर निशान लगाने के लिए केवल **नीले/काले बॉलपॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत N** है। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर-पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में दो भाग—IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं तथा प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्रश्न सं० 91-120)
   भाग-V : भाषा-II (नेपाली) (प्रश्न सं० 121-150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से सम्बन्धित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है/हैं, तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लें। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ़ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर-पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

Name of the Candidate (in Capitals) : ____________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में)

Roll Number (in figures) : ____________________
अनुक्रमांक (अंकों में)
(in words) : ____________________
(शब्दों में)

Centre of Examination (in Capitals) : ____________________
परीक्षा-केन्द्र (बड़े अक्षरों में)

Candidate's Signature : ____________________ Invigilator's Signature : ____________________
परीक्षार्थी के हस्ताक्षर निरीक्षक के हस्ताक्षर

Facsimile signature stamp of Centre Superintendent ____________________

**13-II**

यस पुस्तिकामा 20 पृष्ठ छन्

# AK14II

परीक्षा पुस्तिका सङ्केत

**N**

## प्रश्न-पत्र—II

## नेपाली भाषा परिशिष्ट खण्ड

## भाग—IV र V

यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ।

यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस्।

***परीक्षार्थीहरूका लागि निर्देश :***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो ती परीक्षार्थीहरूका लागि जुन परीक्षार्थीहरू **या** त भाग—IV (भाषा—I) **या** भाग—V (भाषा—II) **नेपाली** भाषामा दिन चाहन्छन्, तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग—I, र भाग—II **या** III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग—IV र V का उत्तर उनीहरूले छानेको भाषाहरूबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग—IV र V को अन्तर्गत दिइएका छन्। भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर-पत्रमा निशान लगाउनको लागि **केवल नीलो/कालो बॉलपोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत N** हो। यो सुनिश्चित गर्नु कि यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तर-पत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ।
6. यो पुस्तिकामा **दुई** भाग—IV र V छन्, जसमा 60वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् :

| | | |
|---|---|---|
| भाग—IV : | भाषा—I (नेपाली) | (प्रश्न सं 91–120) |
| भाग—V : | भाषा—II (नेपाली) | (प्रश्न सं 121–150) |

7. भाग—IV मा भाषा—I का लागि 30 प्रश्न र भाग—V मा भाषा—II का लागि 30 प्रश्न दिइएका छन्। यस परीक्षा पुस्तिकामा केवल नेपाली भाषा सम्बन्धित प्रश्न दिइएको छ। **यदि तपाईंको भाषा—I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस्। जुन भाषाहरूको प्रश्नहरूको उत्तर तपाईंले दिंदै हुनुन्छ त्यो आवेदन-पत्रमा चुनीएको भाषाहरूसित अवश्य मेल खानु पर्छ।**
8. **परीक्षार्थीले भाग—V (भाषा—II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा—I (भाग—IV) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस्।
10. सबै उत्तर केवल OMR उत्तर-पत्रमा नै अङ्कित गर्नुहोस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क (अङ्कमा) : ____________________

(शब्दमा) : ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of Centre Superintendent ____________________

**Candidates should answer questions from the following Part only if they have opted for NEPALI as LANGUAGE–I**

→

# भाग—IV : भाषा—I

## नेपाली

*निर्देश* : उपयुक्त विकल्पको चयन गरी तलका (प्रश्न **91** देखि प्रश्न **105**) प्रश्नहरूको उत्तर दिनुहोस् :

**91.** अर्थको समझौता गरी जब विद्यार्थीहरूले सम्प्रेषण दक्षताको विकास गर्छन्, तब तिनीहरू

(1) पाठ्यक्रमबारे उनीहरूका सन्देह स्पष्ट हुन शिक्षकसित सम्पर्क गर्छन्

(2) शब्दहरूको सही अर्थ र तिनको प्रयोग जान्नका निम्ति घरिघरि कोशको सहारा लिने गर्छन्

(3) सूचना बाँड्दछन्, पुनःस्पष्टीकरण खोज्छन अनि बुझ्नका निम्ति सूचनाहरू पुनः व्यक्त गर्छन्

(4) व्याकरणिक संरचना प्रयोग गर्छन्

**92.** सजिलै अधिग्रहण गर्न सकिने भाषा-कौशलको क्रम हुन्छ

(1) बोल्नु-सुन्नु-पढ्नु-लेख्नु

(2) सुन्नु-बोल्नु-लेख्नु-पढ्नु

(3) सुन्नु-बोल्नु-पढ्नु-लेख्नु

(4) सुन्नु-पढ्नु-बोल्नु-लेख्नु

**93.** भाषा शिक्षा अझ राम्रो ढङ्गमा प्राप्त गर्न सकिन्छ जब सिकाइ

(1) सुनिश्चित परिवेशको कक्षा हुन्छ

(2) रूप र ध्वनि आफ्नो मातृभाषाको नजिक हुन्छ

(3) कलेज भर्नाका समयमा उनीहरूको अवसर बढाउन सहयोगी हुन्छ

(4) उनीहरूका जीवन मूल्य र लक्ष्यका सन्दर्भमा कार्यकारी हुन्छ

**94.** अडियो रेकर्डिङ सुनाउन अघि निवेशित पाठमा कस्तो सूचना पाइनेछ भन्ने कार्यले विद्यार्थीहरूलाई शीर्षकसहित सम्भावित उत्तरहरू निर्धारण गर्न लगाउँछ। यहाँ विद्यार्थीहरू

(1) सक्रियताका साथ निवेशित विषयबारे पूर्वानुमान गरिरहेछन्

(2) तथ्यहरूको जाँच गरिरहेछन्

(3) प्रश्नहरूका उत्तर अनुमान गरिरहेछन्

(4) छोडिएका सूचना भर्ने काम गरिरहेछन्

**95.** बोल्नैका लागि बोल्दा विद्यार्थीहरू धेर खुसी हुन्छन्। यस कार्यलाई अझ उद्देश्यपूर्ण पार्न सकिन्छ

(1) प्रयोगका निम्ति विशेष शब्दहरूको सूची उपलब्ध गराएर

(2) सही संरचना र उच्चारणमा बल दिएर

(3) कुनै लेखाइ/पढाइद्वारा कार्यमा बाधा पुऱ्याएर

(4) अन्तमा कुनै कार्य सम्पन्न गर्न उनीहरूलाई प्रोत्साहित गरेर

**96.** मानवीय विचार तथा प्रभावकारी मानवीय सम्प्रेषण (लेखाइ/बोलाइ)-का बिचको महत्त्वपूर्ण/आधारभूत सम्बन्ध हो

(1) उच्चारण र स्वरशैली

(2) मोटा अक्षरमा लेख्नु अनि विरामादि चिह्नको प्रयोग

(3) अनुतान र बलाघात

(4) व्याकरणिक संरचनाहरू

**97.** भिडियो देखाएर शिक्षकले व्याकरणिक संरचनाहरू अनि नियमादिको परिचय गराउँछन्। अझ प्रभावकारी सम्प्रेषणका निम्ति लेख्दा वा बोल्दा विद्यार्थीहरू ती संरचनाहरूको प्रयोग गर्दछन्। यो विधि हो

(1) निर्माणात्मक

(2) आगमनात्मक

(3) निगमनात्मक

(4) ह्रासात्मक

**98.** विद्यार्थीहरूको लेखन कार्यमा रहेका भूलको संशोधन बढी प्रभावकारी हुन्छ, जब शिक्षक

(1) सही उत्तर नजानुन्जेल विद्यार्थीहरूलाई अझ धेर अभ्यास कार्य दिन्छन्

(2) बोर्डमा सही उत्तरहरू लेख्छन्

(3) भूल उत्तरहरूसहित संशोधन गर्छन्

(4) चिह्नहरूको प्रयोग गरी प्रमुख त्रुटिहरू देखाइदिन्छन् अनि विद्यार्थीहरू त्यसको संशोधन आफै गर्छन्

**99.** कक्षाभित्र वा बाहिर L1 अथवा L3 को प्रस्तुति सुन्न र बुझ्न विद्यार्थीहरूलाई सधैं गाह्रो हुन्छ। यसमा सहयोग पुऱ्याउन सकिन्छ

(1) केवल मूलवक्ताहरूद्वारा पढाएर

(2) L2/L3 का पिरियडको सङ्ख्या बढाएर

(3) भाषाको अधिक प्रयोगको अभ्यास गराएर

(4) L1 का नजिकको अर्को भाषा चयन गरेर

**100.** पढाइका समयमा जब उनीहरू अपरिचित शब्दहरूको सामना गर्दछन् सम्पूर्ण पाठको अर्थ सङ्गतिका निम्ति विद्यार्थीलाई —— तालिम दिनुपर्छ।

(1) अझ सजिलो पाठको चयन गर्ने

(2) तुरुन्त अर्थ जान्नका निम्ति कोश हेर्ने

(3) शिक्षक वा छिमेकीलाई सोध्ने

(4) सम्भावित अर्थको क्षेत्र सही रूपमा अनुमान गर्न सूचनाको प्रयोग सोही सन्दर्भमा गर्ने

**101.** कुनचाहिँले उच्च स्तरको पठनबोध बुझाउँछ?

(1) विद्यार्थीहरूका आफ्ना शब्दहरूको प्रयोग गरी पुनर्लेखन गर्नु, पूर्णवाक्य तथा पाठबाट मुख्य शब्दहरूको प्रयोग, पाठभित्र विभिन्न अर्थहरू खोज्नु वा पाउनु

(2) पाठबाट टिपोट तथा मुख्य शब्दहरू लेख्नु, पाठभित्र विभिन्न अर्थहरू खोज्नु

(3) विद्यार्थीहरूका आफ्ना शब्दहरू तथा पाठबाट मुख्य शब्दहरूको प्रयोग गरी पुनर्लेखन गर्नु

(4) विद्यार्थीहरूका आफ्ना शब्दहरूको प्रयोग गरी पुनर्लेखन गर्नु, पाठबाट लिइएका अपूर्ण वाक्यहरूको प्रयोग गर्नु, पाठभित्र विभिन्न अर्थहरू खोज्नु

102. कुनै लेखको मूल्याङ्कनका निम्ति पहिलो पक्ष हो

(1) व्याकरणिक संरचना

(2) शब्द सीमा, कारण त्यो सुस्पष्ट हुन्छ

(3) विषयको प्रासङ्गिकता तथा त्यसले व्यक्त गर्ने विचार पक्ष

(4) शब्दावलीको प्राचुर्य

103. कुनै भाषा सिक्दा —— निर्देशले स्वतंत्र अध्ययनका निम्ति अवसरहरू, व्यापक सन्दर्भ सामग्री तथा कार्यका माध्यमले प्राप्त हुने उपलब्धिबारे तत्काल प्रतिफल प्रदान गर्छ।

(1) दूर

(2) नियोजित

(3) कम्प्युटर प्रदत्त

(4) प्रत्यक्ष

104. सहजात (नेटिभ) भाषा तथा लक्ष्य भाषा बोल्ने विद्यार्थीहरूद्वारा सङ्गठित द्विभाषी कक्षा लाभकारी हुन्छ, कारण

(1) विद्यार्थीहरू कम बोल्ने हुनाले कक्षामा विद्यार्थी-हरूको चित्तभङ्ग थोरै हुन्छ

(2) लक्ष्य भाषा बोल्ने विद्यार्थीहरूलाई अर्को भाषा सिक्न प्रोत्साहित गर्छ

(3) अलग परियोजनाका निम्ति अवसर प्रदान गर्छ

(4) प्रत्येक भाषामा अधिक क्रियाकलाप सञ्जालन गर्ने कार्यलाई उचित सिद्ध गर्छ

105. शब्दको समस्या, समान किसिमले वाक्यको अनुवाद अथवा रूपभेद चिन्हित गर्नु जस्ता कुराका निम्ति पढेर प्राप्त ज्ञानको प्रयोग गर्न विद्यार्थीहरू सक्षम नहुन सक्छन्। यसको सम्भावित निदान हुन्छ

(1) उनीहरूको आत्मविश्वास बढाउन केवल सजिलो कार्य दिएर

(2) धेरै जान्नेहरूसित उसको जोडी बनाएर

(3) 'धेरै सजिलो-सजिलो-जटिल' रूपमा ध्यानपूर्वक योजनाबद्ध गरिएको कार्य दिएर

(4) एउटै कार्य सम्पन्न गर्न बढी समय दिएर

*निर्देश* : दिइएको अनुच्छेद पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **106** देखि प्रश्न **114**) प्रश्नहरूको उत्तर दिनुहोस् :

भाषा समाजमा बसेर आर्जन गर्ने सकिने सम्पत्ति हो। मानव संसर्गदेखि वञ्चित रहेर एउटा बालक, भाषा ज्ञानदेखि टाढो हुनपुग्छ। यदि जन्मनासाथ बालकलाई मान्छेको समाजदेखि छुट्ट्याएर जङ्गलको परिवेशमा राख्यौं भने बालकले भाषा ज्ञान शून्य भएर पशुपक्षी जस्तै आवाज निकाल्न सिक्नेछ। एउटा शिशु जन्मेपश्चात् जब अन्य जातिको परिवेश र संसर्गमा उसको पालन पोषण हुन्छ भने शिशुले अवश्यै आमाको भाषादेखि अलग रहेर त्यति जातिको भाषालाई आत्मसात् गर्नेछ। यसरी मातृभाषा हनन पनि हुन जाँदछ। उदाहरणस्वरूप राँची, देहरादुन, भाक्सु, सिलङ आदिका नेपालीभाषीहरूमा अधिकतर त्यहाँकै स्थानीय भाषाको प्रभाव परेको पाइन्छ। मान्छे एउटा समूहबाट अर्को भाषा समूहमा प्रवेश गर्छ भने स्वाभाविक रूपले उसको मातृभाषामा परिवर्तित रूप पाउँछौं। आमाद्वारा सिकिएको भाषालाई नै मातृभाषा भनिन्छ। जब शिशुले जन्म लिएपछि जुन भाषा आफ्ना माता-पिता वा परिवारद्वारा व्यवहार गरिएको पाउँदछ त्यस शिशुले पनि बोल्न सक्ने भएपछि त्यही भाषाको प्रयोग गर्दछ अर्थात् बालक जहाँ जन्म लिन्छ औ जुन वातावरणमा रहन्छ त्यही प्रादेशिक भाषामा उसको अधिकार हुन्छ। यसैका आधारमा पञ्जाबमा बस्नेहरूको पञ्जाबी, गुजरातको गुजराती, बङ्गालको बङ्गाली, बिहारको बिहारी भाषाहरू गरी भारतभरि प्रादेशिक रूपमा भाषाहरूको व्यवहार भएको पाइन्छ। मातृभाषाका सम्बन्धमा गान्धीजीको भनाइ छ—''मान्छेको मानसिक विकासका लागि मातृभाषा त्यति नै आवश्यक छ जति बालकको शारीरिक विकासका निम्ति आमाको दूध। शिशुले पहिलो पाठ आफ्नी आमाबाट नै सिक्छ, यसैकारण उसको मानसिक विकासका लागि मातृभाषाका अतिरिक्त कुनै दोस्रो भाषा लाद्नु म मातृभाषा विरुद्ध पाप सम्झन्छु।'' भाषालाई सभ्यताको दर्पण पनि मानिन्छ। कुनै पनि जातिको सभ्यता उसको भाषाद्वारा नै चाल पाउन सकिन्छ। कुनै पनि परिवारमा सबै सदस्यहरू सभ्य-असभ्य वा सुसंस्कृत भाषाको प्रयोग हुन्छ भने बालकले त्यही अनुरूप भाषा अनुकरण गर्दछ। अतः भाषाको आर्जन अनुकरणद्वारा हुन्छ। यसकारण हामी के चाहन्छौं भने परिवारका सबै सदस्यहरूले शिशुको उपस्थितिमा सद्व्यवहार देखाउन्, सभ्यतासित बोलुन् साथै यो पनि चाहन्छौं समीपवर्ती वातावरण पनि असल होस् जसद्वारा बालकहरू अपशब्दको अनुकरण गर्नबाट वञ्चित रहुन्। यसैले शिशुको हितका लागि परिवारमा सदैव सुन्दर औ शिष्ट शब्दावलीको प्रयोग गरौं। भनिन्छ––''मातृभाषाको उपयुक्त शिक्षण नै सम्पूर्ण शिक्षाको आधारशिला हो।''

**106.** भाषा

(1) संसर्गदेखि वञ्चित रहेर प्राप्त गरिने व्यक्तिगत सम्पत्ति हो

(2) सामाजिक अनि आर्जित सम्पत्ति हो

(3) सामाजिकका साथै पैतृक सम्पत्ति हो

(4) अघिल्लो पुस्ताबाट पाइने पारम्परिक सम्पत्ति हो

**107.** अनुच्छेदमा उल्लेख भए अनुसार मातृभाषा भनेको

(1) प्रादेशिक भाषा हो

(2) आमाले व्यवहार गर्ने भाषा हो

(3) आफूले सबैभन्दा अधिक व्यवहार गर्ने भाषा हो

(4) आमाबाट सिकिएको भाषा हो

**108.** ''भाषालाई सभ्यताको दर्पण पनि मानिन्छ।'' किनभने

(1) कुनै जातिको सभ्यताको आभास भाषाद्वारा हुन्छ

(2) भाषा सुनेर वा बोलेर कुनै पनि सभ्यता छर्लङ्ग बुझिन्छ

(3) यो अनुकरणद्वारा सिकिन्छ जसले गर्दा अनुकर्तामा सभ्यताको सातत्य रहन्छ

(4) सद्व्यवहार र आचरण भाषाले सिकाउँछ

**109.** 'पारिवारिक' शब्दको निर्माण कुन प्रक्रियाद्वारा भएको छ?

(1) माथिका कुनै पनि विकल्प होइन

(2) सन्धि प्रक्रिया

(3) समास प्रक्रिया

(4) सर्ग प्रक्रिया

**110.** मान्छे एउटा समूहबाट अर्को समूहमा प्रवेश गर्दा स्वाभाविक रूपले उसको भाषामा परिवर्तित रूप पाउँछौं। यसलाई यसरी बुझ्न सकिन्छ

(1) सम्प्रेषणको सङ्कट

(2) भाषिक अतिक्रमण

(3) भाषिक प्रभाव

(4) भाषाको आञ्चलिक राजनीति

**111.** भाषिक व्यवहारमा कुनै शिशुमा देखिने सद्व्यवहारका निम्ति आवश्यक हुन्छ

(1) शिशु चाहे जस्तो गरी बोलौन् बोल्न दिनु र कुनै अहितकारी कुरामा ध्यान नदिनु

(2) शिशु बस्ने परिवेशमा श्लील, स्पष्ट अनि भद्र शब्दावलीको प्रयोग

(3) शिशु पढ्ने स्कूलमा मातृभाषामा पठन-पाठन हुनु

(4) शिशुलाई सधैं कडा निगरानी र अदबमा राख्नु

**112.** पञ्जाबमा बस्नेहरूको पञ्जाबी, गुजरातको गुजराती, बङ्गालको बङ्गाली र बिहारको बिहारीमा कुन भाषा भारतीय संविधानको आठौं अनुसूचीमा अन्तर्भुक्त छैन?

(1) गुजराती

(2) बङ्गाली

(3) पञ्जाबी

(4) बिहारी

**113.** दिइएको अनुच्छेदको सर्वाधिक उपयुक्त शीर्षक हुन सक्छ

(1) भाषाको मानकीकरण

(2) मातृभाषाको महत्त्व

(3) भाषाको महिमा

(4) भाषा र समाज

**114.** मानसिक विकासका निम्ति मातृभाषाबारे गान्धीजीले व्यक्त गरेको विचारमा दोस्रो भाषाले कस्तो दर्जा पाएको छ?

(1) माथिका कुनै पनि विकल्प होइन

(2) दोस्रो दर्जा

(3) तेस्रो दर्जा

(4) कुनै दर्जा पाएको छैन

*निर्देश* : दिइएको कविता पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **115** देखि प्रश्न **120**) प्रश्नहरूको उत्तर दिनुहोस् :

आँखामा पनि आउँदो छु कहिले दाना बनी सुन्दर
ज्यादै हर्ष कि दुःखको समयमा झल्की गुडी बर्बर।
दाना झैं दिलको म पग्लिन गई आँखा चढी झर्दछु
मोती-तुल्य बनी गडी जमिनमा टप्की फुटी मर्दछु।
मेरा रूप अनेक छन् जगतमा पानी तथा बादल
हुस्सू बाफ र शीत, आँसु, जलको झर्ना नदी कल्कल।
जस्तो चित्त गऱ्यो म बन्दछु उही राम्री तरङ्गी कुरा
मैलातर्फ हिँडेर मात्र म हिले-पानी बनेको बरा।

**115.** कविता कुन छन्दमा रचिएको छ?

(1) मत्तमयूर

(2) स्रग्धरा

(3) मन्दाक्रान्ता

(4) शार्दूलविक्रीडित

**116.** ''दाना झैं दिलको म पग्लिन गई आँखा चढी झर्दछु''—'आँखा चढी झर्दछु'ले बुझाएको अभिधा अर्थ हो

(1) चढ्ने-झर्ने काम गर्दछु

(2) यात्रा गर्दछु

(3) स्वच्छ, निर्मल बन्दछु

(4) रुँदछु

**117.** सबै 'पानी' का पर्यायवाची हुन्

(1) पावक, सलिल, नीर, तोय

(2) बारि, नीर, सलिल, अनल

(3) तोय, अनल, बारि, सलिल

(4) सलिल, तोय, नीर, बारि

**118.** 'तरङ्गी कुरा' भनेको हो

(1) प्राकृतिक तथा स्वाभाविक कुरा

(2) काल्पनिक कुरा

(3) कुनै क्रम र शृङ्खलाविहीन कुरा

(4) एउटा कुनै शृङ्खला भएको कुरा

**119.** पानी, शीत, आँसु, जल शब्दहरूमा रहेको समानता हो

(1) सबैले पदार्थको एउटै प्रकारको अवस्था बुझाउँछन्

(2) सबै शब्द विशेषण पद हुन्

(3) सबैको सम्बन्ध केवल हर्षसित छ

(4) सबै प्रकृति र भूगोलसित सम्बन्धित छन्

**120.** ''जस्तो चित्त गऱ्यो म बन्दछु ...'' मा कस्तो लोकोक्तिको प्रयोग भएको छ?

(1) अड्को

(2) वाग्धारा

(3) उखान

(4) सूक्ति

**Candidates should answer questions from the following Part only if they have opted for NEPALI as LANGUAGE–II**

→

# भाग—V : भाषा—II

## नेपाली

*निर्देश* : उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **121** देखि प्रश्न **135**) प्रश्नहरूको उत्तर दिनुहोस् :

**121.** शिक्षार्थीहरूलाई आफ्नो ज्ञानको आफै 'निर्माता'-का रूपमा हेरिन्छ। यसलाई भाषा कक्षा यस किसिमले बुझ्न सकिन्छ

(1) शिक्षकले व्यक्तिगत परियोजनालाई ध्यानपूर्वक निगरानी राखेर साथै सुधारका निम्ति घरिघरि प्रतिफल दिएर

(2) विद्यार्थीहरूलाई लक्ष्य भाषामा विस्तृत पठन गर्न उत्साहित गरेर

(3) विद्यार्थीहरूका सिक्ने योग्यताका निम्ति उपयुक्त शिक्षा सामग्री उपलब्ध गराएर

(4) शिक्षा प्रक्रियामा सहयोग र परिचर्चाका अवसर प्रदान गर्नका निम्ति व्यक्तिगत तथा युगल क्रियाकलापको सुयोग दिएर

**122.** शिक्षकले एउटा परिवेश बनाउन सक्छन् जहाँ विद्यार्थीहरू लक्ष्य भाषामा बोल्न सहज अनुभव गर्छन् र बानी गर्छन्

(1) दृश्य सामग्रीका माध्यमले

(2) उनीहरूलाई सहज लाग्ने भाषामा कुरा गर्न दिएर

(3) नियमित कक्षाका अन्तर्क्रियामा ती वाक्यहरूको प्रयोगमा जोड दिएर अनि तिनीहरूको प्रयोग गर्ने नमुना तयार गर्न लगाएर

(4) घरिघरि लेखाइ र बोलाइको मूल्याङ्कन गरेर

**123.** जब हामी स्वाभाविक किसिमले एउटा भाषा सिक्छौं, तब यसरी सिक्छौं

(1) प्रभावकारी सम्प्रेषणमा ध्यान दिएर

(2) हामी कसरी भन्छौं (रूप) भन्ने कुरामा भन्दा हामी के भन्न चाहन्छौं (अर्थ) भन्ने कुरामा ध्यान दिन्छौं

(3) हाम्रा आमा-बाबालाई सुनेर

(4) आफै पढेर अनि सिकेका शब्दहरू प्रयोग गरेर

**124.** विद्यार्थीहरूलाई श्रवण निवेशित (अडियो इन्पुट) का आधारमा विशेष नोट लेख्न लगाइन्छ। यसलाई ——— क्रिया भन्न सकिन्छ।

(1) व्याख्यात्मक

(2) सुचना अन्तरण

(3) अनुमान

(4) स्मरण

**125.** कक्षामा ——— कौशलको अभ्यासका निम्ति यस प्रकारका प्रश्नहरू उपयुक्त हुन्छन्। विद्यार्थीले तुरुन्त भन्छ :

- तिम्रो गोजीखर्चले गएको साताको अन्तमा तिमीले के किन्यौ?
- तिम्रो शहर/नगर के-का निम्ति चिनिन्छ?
- घरमा सधाउन तिमी के गर्छौ?
- तिम्रो रुचिबारे मलाई केही जानकारी देऊ।

(1) शब्दज्ञान/शब्दावली

(2) बोल्ने

(3) लेख्ने

(4) सुन्ने

**126.** जब विद्यार्थीहरूले व्याकरणको अध्ययन अनि भाषिक ढाँचाको सम्बन्ध स्थापित गर्छन्, उनीहरूले बुझ्छन्

(1) व्याकरण शिक्षालाई बढी महत्त्व दिनुपर्छ

(2) बुनियादी/आरम्भिक सम्प्रेषण दक्षताका निम्ति व्याकरण अनिवार्य छ

(3) लेखन-शैलीलाई व्याकरणले प्रभाव पार्छ

(4) सम्प्रेषणको उद्देश्य तथा उनीहरूका सम्प्रेषण दक्षताको कलात्मक विकास

**127.** लेखनकार्य धेरै विद्यार्थीहरूका निम्ति जटिल अनि चुनौतिपूर्ण कार्य हो, त्यसैले शिक्षकले सर्वप्रथम यस कुरामा ध्यान दिनुपर्छ

(1) अर्थको स्पष्ट सम्प्रेषणका निम्ति आवश्यक व्याकरणिक धारणा

(2) व्याकरणिक संरचनाहरूको अभ्यासका निम्ति कसरत

(3) व्याकरणिक शुद्धताभन्दा लक्ष्य भाषाको प्रयोगमा विद्यार्थीहरूको आत्मविश्वास बढाउन

(4) केवल साधारण कार्यहरू तथा थोरै व्याकरणिक अभ्यास दिनु

**128.** व्याकरण-निर्देश अति स्वाभाविक रूपमा समाकलित हुन्छ

(1) शिक्षकहरू घरिघरि तर छोटो कक्षाको सञ्चालन गर्छन्

(2) विद्यार्थीहरू संशोधन गर्छन् अनि भूलहरूको सम्पादन आफ्ना लेखाइ र बोलाइमा गर्छन्

(3) शिक्षकहरूले निश्चित एकाकी कौशल मात्र सिकाउँछन्

(4) औपचारिक लेखाइ व बोलाइभन्दा अघि व्याकरणगत अभ्यासमा बढी समय दिइन्छ

**129.** भाषासम्बन्धी समस्याको साधारण व्यवस्थामा सघाउ पुऱ्याउने विधिलाई विस्तारित गर्ने शिक्षा-शैली निर्धारित गर्नुपरे शिक्षा-शैलीको एउटा उदाहरण हुन्छ

(1) केन्द्रीभूत

(2) तीव्र

(3) स्थिर

(4) छापा-अभिमुखी

**130.** 'वनस्पति' शीर्षकबाट पाठ शुरू भयो। शिक्षकले उक्त विषयबारे विद्यार्थीहरूका अनुभवबारे प्रश्न गर्छन्। यसपछि शिक्षकले विद्यार्थीहरूलाई समूह-समूहमा विभाजन गरी उनीहरूलाई खोर्सानीको बोटको चित्र बनाउन र नाम लेख्न लगाउँछन्। यसपछि हरेक समूहका एकजना प्रतिनिधिले आफ्नो कार्य प्रस्तुत गर्छन् र आफ्ना चित्रादिको विवरण प्रस्तुत गर्छन्। विद्यार्थीहरू

(1) वनस्पति, चित्र र तिनका नामकरणबारे ज्ञान हासिल गरिरहेछन्

(2) कुनै कार्यविधि/विषयको व्याख्या गर्न भाषाको निर्दिष्ट रूपको प्रयोग गरिरहेछन्

(3) केवल (1)

(4) (1) अनि (2)

**131.** बुझाइका निम्ति कविता वाचन कार्य तथ्यपूर्ण पाठहरूको पठनभन्दा भिन्न हुन्छ, कारण विद्यार्थीहरूद्वारा निम्न कुरा प्रकाश गर्ने अपेक्षा राखिन्छ

(1) शैलीको अधिक प्रशंसा तथा कविका सन्देशको मूल्याङ्कन

(2) अधिक बौद्धिक व्याख्या

(3) संवादका विषयवस्तुगत व्याख्याका साथ भावनात्मक प्रतिक्रिया मात्र

(4) भावनात्मक प्रतिक्रिया, अधिक बौद्धिक व्याख्या जसले सन्देशको मूल्याङ्कन गर्छ

**132.** एउटा लेखको मूल्याङ्कन गर्दा त्यो भाग जहाँ अत्यन्त महत्त्वपूर्ण सूचनाको छोटो विवरणलाई नदोहोऱ्याई प्रकाश पार्नु आवश्यक पर्दछ, यस्तो विवरण पाइन्छ

(1) परिचय भागमा

(2) निष्कर्षमा

(3) दोस्रो अनुच्छेदमा

(4) बिचतिर वा मध्यमा

**133.** उच्चारणका क्षेत्रमा प्रविधिले कक्षामा लक्ष्य भाषाको प्रयोगमा प्रोत्साहन दिन सक्छ, कुनचाहिँ राम्रो दृष्टान्त होइन?

(1) पोडकास्ट रेकर्डिङ गर्नु अनि सुन्नु

(2) पावर पोइन्ट प्रस्तुतिको समय विवरण दिनु

(3) श्वेतपट (ह्वाइटबोर्ड) प्रयोग गर्नु

(4) भूमिका-खेल

**134.** जब एउटा कक्षामा मातृभाषा मात्र बोल्न सक्ने विद्यार्थीहरू अधिकांश रहन्छन्, विदेशी भाषाका कक्षामा सबै विषयका शिक्षकहरू यसबारे सचेत रहनु आवश्यक छ जहाँ विद्यार्थीहरू

(1) नयाँ भाषा-कौशलको विकास गर्न उनीहरूले मातृभाषाको प्रयोग परिहार गर्नुपर्छ

(2) लक्ष्य भाषा शिक्षा प्राप्त नहुन सक्छ

(3) पाठ्यक्रमका विषय सँगसँगै उनीहरूको अन्तर्क्रियाका माध्यमले एउटा नयाँ भाषा सिकिरहेछन्

(4) विद्यार्थीहरूलाई छुट्टै कक्षाहरूको आवश्यकता छ

**135.** शब्दावलीको अभावका कारण लेखनकार्यमा विद्यार्थीहरूलाई आफ्नो विचार व्यक्त गर्न कठिनाइ पर्छ। यसमा एउटा सम्भावित समाधान हुन सक्छ

(1) लेखन अभ्यासका निम्ति सामयिक रूपले शब्दहरू लेखाउनु र अभ्यास गराउन विशेष कक्षाहरूको सञ्चालन गर्नु

(2) विद्यार्थीहरूलाई कथाका धेरै पुस्तकहरू पढ्न प्रोत्साहित गर्नु र पाइएका नयाँ शब्दहरूबारे शिक्षकले अनौपचारिक प्रतिफल (फिडब्याक) लिनु

(3) विद्यार्थीको योग्यता सुहाउँदो गरी विषय परिवर्तन गर्नु

(4) सिक्न र प्रयोग गर्नका निम्ति अर्थसहित शब्दहरूको सूची दिनु

*निर्देश* : दिइएको अनुच्छेद पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **136** देखि प्रश्न **144**) प्रश्नहरूको उत्तर दिनुहोस् :

हामी ज्यादाजसो शिक्षा जसलाई भन्छौं, त्यसले मानिसलाई मूर्ख बनाइरहेछ। लादिनु र नाकडोरी लगाइमाग्नु नै शिक्षाको मुख्य लक्षण देखिन्छ। भोगटेको चश्मा तिनले लाए, जो पण्डित विद्वान् बने। अक्षरको कालो नाचले आँखा नतिरमिराई मानिसलाई सरस्वती खुल्दिनन् भन्ने हाम्रो साधारण विचार छ। दुनियाँभरको महामहोपाध्याय एउटा महात्मा छ भन्दछन्। अङ्ग्रेजीले रङ्गिने चश्मा लगाएर ज्यादाजसो संस्कृतले सुषुप्तिको अनेक युगमा कुइरोद्वारा मात्र परमेश्वरको उज्यालो भेट्टाउँछ। नासमझ परिपक्व नभईकन विश्वविद्यालयले प्रमाणपत्र दिँदैन। विद्यालयहरू यन्त्र बनाउने कारखाना छन्। समाजको ऐँठन परेको शिक्षामा मानवबुद्धिले हात-खुट्टा चलाउन पाउन्न। शिक्षकहरू धोत्रिएका आवाजका भ्यागुता छन्। स्वतन्त्र प्रकाशनको अवरोधलाई तालिम भनिन्छ। बालुवादार बाल्यावस्था बाँधिन चाहँदैन, बिचरा चाखदार आँखाले के देख्दछन्? सेता चिच्याहटलाग्दा भित्ता। ईश्वरले बनाएको संसारको उपन्यासबाट तिलस्मी जादु गुमाउनु बालशिक्षाको ध्येय हो। प्राकृतिक विकास नपाएका रुग्ण कलपुर्जाहरूमा घिच्याइएका वाक्कलाग्दा पाठहरूको समूहलाई हामीहरू किताप भन्दछौं। गुलाफको जरामा हात नहाल्नु नै बुद्धिमानी हो। हामी सबैलाई एकै मशीनमा छाँटकाँट दिन चाहन्छौं। विचाररेखाहरू हावाका लहरझैं आफ्नो दिशा लेउन्। म त आफ्नो रायले विकास लिँदो हृदयलाई किच्न चाहन्नँ। तर साधारण शिक्षकहरू मूर्खता लाद्न चाहन्छन् र अल्पज्ञानको कट्टरपनाले ठोकुवा मिजाससँग पढाउँछन्। बेतको अत्याचारले राय लदाउने तानासाहीहरू आफूलाई विद्वान सम्झन्छन्। भौतिकता र प्रतिभाको नैसर्गिक प्रभावलाई रोक्दा धेरैजसो कवि र कलाकारहरू अदालतका अध्यक्षताभन्दा माथि पुग्न सकेका छैनन्। हाय! नबाँध यी काला जन्जिरले मलाई। म खुला हावामा शीत सुँघ्न चाहन्छु। शब्दमा ती चित्र बन्दैनन्, जो मैले खुला घाममा देखिरहेछु; तिम्रो सभ्यता यत्तिकै न हो? मैले यसमा केही मोहनी पाइनँ। तर पद्धति-पुजारीहरू भन्दछन्, "त्यो सिद्धान्त त चरा र पशुलाई सायद बिरुवालाई पो काम लाग्छ।" विवेकशील मानिस क्रमिक विकासद्वारा परिपक्व हुन्छ। युग-युगका औताली किन खेर फाल्ने? तिनमा अनन्त परिश्रमले छाने-बिनेका चिजहरू छन्। हामी पहिलेदेखिन् शुरू गर्न सक्दैनौं। जीवन छोटो छ, मार्गप्रदर्शक नभई विश्वको विशालता त्यस्तै अतर्स्याउने भुलभुलैया बन्दछ। तत्त्वान्वेषक वेदनाशील छ र अरूहरूको दुःखद्वारा आफूले दुःखनिवारणका आविष्कृत उपायहरू हात लगाउनु नै बुद्धिमानी हो। मानिस अनुभवले सिक्छ र जङ्गली अवरोधहीनतामा मानिसको साम्यदार मानवताको विकासशील सौन्दर्य नियत रेखामा स्पष्टीकृत हुन सक्दैन। मानवसंस्थाहरूमा र शिक्षाक्रमहरूमा पूर्णता नरहनु साधारणै कुरा हो, तर शिक्षा पनि एक कला हो, जसको हामी बेपर्वाह राख्न सक्दैनौं।

**136.** यस अनुच्छेदमा प्रचलित शिक्षाको लक्षण भनिएको छ

(1) लगाम लगाइमाग्नु

(2) उन्मुक्ति दिनु

(3) नचाहिँदो ढर्रा देखाउनु

(4) मानिसलाई स्वच्छन्द विचारको बनाउनु

**137.** 'तिलस्मी'को अर्थ हुन्छ

(1) नियोजित घटनाक्रम

(2) उपन्यासको एउटा तत्त्व

(3) जादुगरी वा चटक जस्तो

(4) तिलझैं सानो आकारको

**138.** 'शिक्षकहरू धोत्रिएका आवाजका भ्यागुता छन्।' भ्यागुताको सन्दर्भ र धोत्रिएका आवाजले यहाँ यो आशय प्रकट गर्छ

(1) एउटा निश्चित समयमा सुनिने एकोहोरो ट्वार-ट्वार

(2) उफ्रने तर कहीं नपुग्ने

(3) भ्यागुताको जस्तो धोत्रो स्वर भएको

(4) दिक्कलाग्दो एकोहोरो रटाइ

**139.** अनुच्छेदमा व्यक्त विचार-अनुसार मानिस अनुभवी बन्छ

(1) विवेकको विकासद्वारा

(2) दुःख निवारण भएर अनि लामो आयु बाँचेर

(3) एउटै विचारको विस्तृतिबाट

(4) बाल्यावस्थामा असल शिक्षा पाएर

**140.** "तत्त्वान्वेषक वेदनाशील छ र अरूहरूको दुःखद्वारा आफूले दुःख निवारणका आविष्कृत उपायहरू हात लगाउनु नै बुद्धिमानी हो"—आविष्कृत उपाय

(1) काल्पनिक हुन्छ

(2) स्वतः निसृत हुन्छ

(3) सचेत हुन्छ

(4) प्रकृति-प्रदत्त हुन्छ

**141.** यस अनुच्छेदमा

(1) प्रचलित शिक्षा प्रणालीप्रतिको असन्तुष्टि छ र शिक्षकको मिजासप्रति व्यङ्ग्य छ

(2) तत्त्वान्वेषकको प्रशंसा छ र पौराणिक शिक्षाप्रतिको मोह छ

(3) संस्कृत भाषाको अप्रासङ्गिकता र अङ्ग्रेजी भाषाको महिमा छ

(4) वैज्ञानिक अनुसन्धानप्रतिको आग्रह छ

**142.** 'गुलाफका जरामा हात हाल्नु' र 'विचाररेखाहरूले हावाका लहरझैं आफ्नो दिशा लिनु'—यी दुईवटा वाक्यांशमा लक्षित दर्शनको आधार हुन्छ

(1) प्राकृतिक र स्वाभाविक किसिमले आर्जित हुने शिक्षाप्रति अभिमुखी बन्नु

(2) प्रकृतिबाट जोगिएर बस्नु

(3) बुद्धिमानी मानिसले भनेका कुराको पछि लाग्नु

(4) कल्पनाको उडानमा मग्न हुने अवसर खोज्न नसक्नु

143. 'विश्वको विशालता'मा 'विश्वको' पद कुन रूपमा प्रयुक्त छ?

(1) क्रिया-विशेषण

(2) संज्ञा

(3) विशेषण

(4) नामयोगी

144. 'तर साधारण शिक्षकहरू मूर्खता लादून चाहन्छन्'— 'मूर्खता' शब्द कसरी बनिएको छ?

(1) नामबाट विशेषण

(2) नामबाट नाम

(3) विशेषणबाट विशेषण

(4) विशेषणबाट नाम

*निर्देश* : दिइएको अनुच्छेद पढ्नुहोस् अनि उपयुक्त विकल्पको चयन गरी तल दिइएका (प्रश्न **145** देखि प्रश्न **150**) प्रश्नहरूको उत्तर दिनुहोस् :

व्यक्तिगत-पत्र आफ्ना आफन्त, कुल-कुटुम्ब, मित्र वा साथी-भाइहरूलाई लेखिन्छ। यस्तो पत्रमा घरेलु वा अलिक कुराहरू पनि लेखिन्छन्। यस्तो पत्रमा हुने विषय व्यक्तिगत सम्बन्धको हुन्छ र यो कोही बेला लामो पनि हुन जान्छ। आजकल कथा पनि यस्तै पत्रको रूपमा लेख्ने चलन चलेको छ। यस्तो पत्र सकभर सरल भाषामा हुनुपर्छ। व्यापार-पत्र विशेष व्यापारकै सम्बन्धमा मात्र लेखिन्छ। केही माल मगाउँदा र पठाउँदा यस्तो पत्र लेखिन्छ। यस्तो पत्रमा जान्नुपर्ने विषयहरू स्पष्ट रूपले सोधिएको हुनुपर्छ वा बताइएको हुनुपर्छ। यस्तो पत्रमा व्यक्तिगत कुराहरू पटक्क आउनु हुँदैन। स्पष्ट भनिनु र सरल भाषाको प्रयोग हुनु यस प्रकारका पत्रका मुख्य गुणहरू हुन्। दफ्तरमा लेखिने पत्र पनि विशेष छोटो, ठिक विषयलाई मात्र पुष्टि गरिएको र भन्ने कुरा सिधै भनिएको हुन्छ। यसमा व्यक्तिले एउटा दफ्तरमा लेखेको पत्रबाहेक एउटा दफ्तरले अर्को दफ्तरलाई लेखेको र दफ्तरले व्यक्तिलाई लेखेको पत्र पनि हुन्छ। अन्तमा कसैलाई आफ्नो वा धेरैका मागहरू मागेर सरकार वा कुनै विशेष व्यक्तिलाई लेखिने पत्रलाई स्मारक-पत्र भनिन्छ। आफ्नो विशेष विन्ति प्रकट गरी लेखिएको पत्र विन्ति-पत्र हुन्छ, तर विन्ति पत्रलाई स्मारक पत्रकै वर्गमा राख्न सकिन्छ।

145. अनुच्छेदमा मुख्यतः कति किसिमका पत्रको उल्लेख भएको छ?

(1) छ

(2) तीन

(3) चार

(4) पाँच

146. 'व्यापार' शब्दको पर्यायवाची 'व्यवसाय' तत्सम शब्द हो भने नेपाली भाषामा कुन भाषाबाट 'व्यापार' शब्द आएको हो?

(1) अरबेली

(2) संस्कृत

(3) नेवारी

(4) मगर

147. 'कुटुम्ब' शब्दले बुझाउँछ

(1) पिता अनि माता दुवैतर्फका आफन्तहरू

(2) साइनो सम्बन्धले भेटेका सबै

(3) छोरी अनि बुहारीतर्फका नातेदार वा आफन्तहरू

(4) आफ्ना सम्बन्धले भेटेका पितातर्फका आफन्तहरू

148. दफ्तरी पत्रमा हुनुपर्ने लक्षणहरूमध्ये एउटा हुनुपर्छ

(1) वस्तुनिष्ठता तथा भावुकताको वर्जना

(2) सम्बोधन अंशमा रिक्तता र विवरणमा सङ्ख्यानुक्रमको प्रयोग

(3) सम्बन्धित कार्यालयको नियममुताबिकको भाषा-शैली

(4) अप्रचलित र विशेष शब्दादिको प्रयोग

149. "व्यापार-पत्र विशेष व्यापारकै सम्बन्धमा मात्र लेखिन्छ"—यो

(1) विध्यर्थक वाक्य हो

(2) कर्मवाच्यको वाक्य हो

(3) कर्तृवाच्यको वाक्य हो

(4) सम्भावनार्थक वाक्य हो

150. 'पटक' कुन किसिमको शब्द हो?

(1) अनुकरणात्मक संज्ञा

(2) क्रियार्थक नाम

(3) विशेषण

(4) क्रिया-विशेषण

SPACE FOR ROUGH WORK

*तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस् :*

1. प्रत्येक प्रश्नका लागि दिइएको चार विकल्पबाट सही उत्तरको लागि OMR उत्तर-पत्रको दोस्रो पातोमा केवल एउटा वृत्तलाई नीलो/कालो बॉलपोइन्ट पेनले कालो पार्नुहोस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई बदलाउनु सकिने छैन।

2. परीक्षार्थीले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार नगर्नु। निर्दिष्ट गरेको स्थान बाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्नु।

3. परीक्षा पुस्तिका र OMR उत्तर-पत्रलाई ध्यानपूर्वक प्रयोग गर्नु किनभने कुनै पनि परिस्थितिमा (केवल परीक्षा पुस्तिका र OMR उत्तर-पत्रको सङ्केत या सङ्ख्यामा भिन्नताको स्थिति बाहेक) दोस्रो परीक्षा पुस्तिका दिइने छैन।

4. परीक्षार्थीले परीक्षा पुस्तिका/उत्तर-पत्रमा दिइएको परीक्षा पुस्तिका सङ्केत र सङ्ख्यालाई सही तरीकाले हाजिरी-पत्रमा लेख्नु पर्छ।

5. परीक्षार्थीले परीक्षा हॉलमा/कक्षमा प्रवेश-पत्र छोडेर कुनै प्रकारका पाठ्यसामग्री—मुद्रित या हस्तलिखित, कागजको पर्ची, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण अथवा अन्य प्रकारका सामग्री ल्याउन अथवा उपयोग गर्न पाउने छैनन्।

6. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश-पत्र निरीक्षकलाई देखाउनुपर्ने छ।

7. अधीक्षक/निरीक्षकको विशेष अनुमति बिना कुनै परीक्षार्थी आफ्नो स्थान छोड्न सक्ने छैनन्।

8. कार्यरत निरीक्षकलाई आफ्नो उत्तर-पत्र नदिइकन र हाजिरी-पत्रमा दोबारा हस्ताक्षर नगरीकन परीक्षार्थीले परीक्षा हॉल/कक्ष छोड्न सक्ने छैनन्। यदि कुनै परीक्षार्थी हाजिरी-पत्रमा दोस्रोपल्ट हस्ताक्षर नगरेमा यो मानिन्छ कि तिनले उत्तर-पत्र फर्काएका छैनन् र यसलाई अनुचित साधनको मामला मानिन्छ।

9. कुनै पनि विद्युतीय/हस्तचालित उपकरणका उपयोग गर्न शक्त मना छ।

10. परीक्षार्थीले परीक्षा हॉल/कक्षमा बोर्डले दिइएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ। कुनै तरीकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार व्यवस्था गरिने छ।

11. कुनै हालतमा परीक्षा पुस्तिका र उत्तर-पत्रका कुनै भाग अलग गर्न पाइने छैन।

12. **परीक्षाको समाप्ति पछि परीक्षार्थीले परीक्षा हॉल/कक्ष छोड्नको पूर्व उत्तर-पत्र कक्ष-निरीक्षकलाई बुझाउनुपर्ने छ।** ***परीक्षार्थीले आफूसँग यो परीक्षा पुस्तिका लैजान पाउने छन्।***

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :**

1. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with Blue/Black Ballpoint Pen on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
2. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
3. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
4. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
5. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the Examination Hall/Room.
6. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
7. No candidate, without special permission of the Superintendent or Invigilator, should leave his/her seat.
8. The candidates should not leave the Examination Hall without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet, a second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case.
9. Use of Electronic/Manual Calculator is prohibited.
10. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
11. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
12. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room/Hall.** ***The candidates are allowed to take away this Test Booklet with them.***

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर-पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह नीले/काले बॉलपॉइंट पेन से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
2. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर-पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
3. परीक्षा पुस्तिका एवं उत्तर-पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर-पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
4. परीक्षा पुस्तिका/उत्तर-पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाजिरी-पत्र में लिखें।
5. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-कार्ड के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
6. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-कार्ड दिखाएँ।
7. अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
8. कार्यरत निरीक्षक को अपना उत्तर-पत्र दिए बिना एवं हाजिरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार हाजिरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर-पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा।
9. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
10. परीक्षा हॉल में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा।
11. किसी हालत में परीक्षा पुस्तिका और उत्तर-पत्र का कोई भाग अलग न करें।
12. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष/हॉल छोड़ने से पूर्व उत्तर-पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***